दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १५४ | बुटवल | २०८२ जेठ १७, गते शनिबार | नेपाल संवत ११४५ | Saturday May.31, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

बुटवल यातायातबाट नक्कली लाइसेन्स वितरण

## चारजना विरुद्ध मुद्दा दर्ता



बुटवल । पटक-पटक विवादमा तानिँदै आएको बुटवलको सवारी चालक अनुमति पत्र (लाइसेन्स) कार्यालयको थप बदमासी पुष्टी भएको छ। शुक्रबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएसँगै कार्यालयको बद्मासी सार्वजनिक भएको हो । यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, बुटवलको कम्प्युटर अपरेटरले रकम लेनदेन गरेर ट्रायल परीक्षामा सहभागी नै नभएकी तिलोत्तमा-४ की सभ्यता केसीलाई कार, जीप तथा डेलिभरी भ्यानको लाइसेन्स दिएको खुलासा भएको हो । सभ्यता के.सी.को लाईसेन नम्बर ०१-०८-००८३६६८७ हुनपर्नेमा ०१-०८-०१०३१२६२ अर्कैको नामलाई परिवर्तन गरेर मिति २०७८ चैत ७ गतेको मितिमा रकम लिई लाइसेन्स दिएको देखिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विज्ञप्तिमा उल्लेख छ। ट्रायल नगराई सवारी चालक अनुमति पत्र (लाइसेन्स) दिएको प्रकरणमा यातायातका तीनजना कम्प्युटर अपरेटर र लाइसेन्सधारी केसीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा शुक्रबार मुद्दा दायर भएको हो । आयोगले यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र बुटवलका तत्कालीन कम्प्युटर अपरेटर कमल पराजुली, सहायक कम्प्युटर अपरेटर नारायणप्रसाद पाण्डेय र यातायात व्यवस्था कार्यालय दाङ, तुलसीपुरका तत्कालीन कम्प्युटर अपरेटर अनिल बुढामगर तथा लाइसेन्सधारी केसीलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो । सरकारी सार्वजनिक अभिलेख गैरकानुनी तरिकाले सच्याउन लगाई सवारी चालक अनुमतिपत्रको गलत लिखत तयार गरी गराई निजले सवारी चालक अनुमतिपत्र प्राप्त गरी प्रयोग प्रचलनमा समेत ल्याएको देखिएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसूर सजाय माग गरिएको अख्तियारको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

## दरबारमार्ग क्षेत्रमा निषेधाज्ञा

बुटवल । जिल्ला प्रशासन कार्यालय काठमाडौंले दरबारमार्ग क्षेत्रमा निषेधाज्ञा जारी गरेको छ।

शनिबार राजावादी शक्तिहरुले दरबारमार्गमा प्रदर्शन गर्ने भनेलगत्तै जिल्ला प्रशासनले शनिबारदेखि नै लागु हुनेगरी असार २४ गतेसम्म निषेधित क्षेत्र घोषित गरिएको सूचना जारी गरेको हो।

प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जारी गरेको सूचनामा दरवारमार्ग, केशरमहल, जयनेपाल हल क्षेत्रमा ५ जनाभन्दा बढी जम्मा हुन र नारा जुलुस धर्नालगायतका कार्यक्रम गर्न निषेध गरिएको उल्लेख छ।

## ११ महिनापछि शेखर–गगन भेट

बुटवल । सत्तारुढ दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला र पार्टीका महामन्त्री गगन थापाबिच ११ महिनापछि भेटवार्ता भएको छ । महामन्त्री थापाले विशालनगरस्थित कोइरालाको सचिवालयया पुगेर शेखरसँग भेट गरेका हुन्।

भेटमा उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार पनि सहभागी रहेको कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले बताए।

भेटमा सरकार र पार्टीको आन्तरिक गतिविधिबारे छलफल भएको उनले बताए। १४औँ महाधिवेशनमा शेखर र गगन एउटै समूहबाट चुनाव लडेका थिए। तर पछिल्लो समय शेखर र गगनबिच दूरी बढेको चर्चाबिच गगन शेखरको सचिवालयमै पुगेर भेट गरेका हुन्। भेटमा क्रियाशील सदस्यताबारे पनि छलफल भएको बताइएको छ।

शेखरले १५औँ महाधिवेशनमा पनि नेतृत्वको तयारी थालेर देश दौडाहामा छन् भने महामन्त्री थापा पनि अघोषित तयारी गरिरहेका छन्।

## विदेशी पर्यटकले पाँच हजार डलर बोक्न पाउने

बुटवल । सरकारले भारतीय पर्यटकले साथमा ल्याउन पाउने २५ हजारको सीमा हटाएको छ।

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटले हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने ५ हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक साथमा ल्याउन पाउने व्यवस्था गरेको छ।

त्यसभन्दा बढी रकम समेत अब भन्सार बिन्दुमा घोषणा गरी ल्याउन सक्ने व्यवस्थालाई सहजीकरण गरिने समेत बजेटमा उल्लेख छ।

भारत बाहेक देशका नागरिकले भने ५ हजार डलरसम्मको मुद्रा ल्याउन पाउने प्रावधान यसअघि नै थियो । बजेटको यो प्रावधानले पर्यटकलाई सुविधा तथा खर्च गर्ने क्षमता बढाउने होटल एसोसिएसन नेपाल (हान) ले जनाएको छ।

यसअघि नेपाल उद्योग वाणिज्य महासंघले भारतीय पर्यटकलाई यो सीमा अन्य विदेशी पर्यटक सरह पुऱ्याउन माग गर्दै अर्थमन्त्रीलाई सुझाव दिएको थियो।

रूपन्देहीमा नेपालकै ठूलो प्रांगारिक मल उद्योग उद्घाटन

# ‘१५ वर्षभित्र सिंगो लुम्बिनी प्रदेश अर्गानिक’





**टिआर शर्मा**
*बुटवल*

रुपन्देहीको रोहिणीमा स्थापित नेपालकै ठूलो प्रांगारिक मल उद्योगको औपचारिक उद्घाटन भएको छ। भैरहवाका उद्योगी दम्पति सिद्धार्थ अग्रवाल र पुनमकुमारी अग्रवालको ३० करोड लगानीमा रोहिणी गाउँपालिका ४ कोटहवामा ग्रो मोर फर्टिलाइजर एण्ड केमिकल प्रालिमार्फत् गत वर्षदेखि मल उत्पादन सुरु भएको थियो। प्रतिदिन २ सय मेट्रिक टन मल उत्पादन क्षमता रहेको उद्योगले हाल रत्नम ब्राण्डमा दैनिक ८० मेट्रिक टन मल उत्पादन गरिरहेको छ। उद्योगको शुक्रबार लुम्बिनी प्रदेशका मुख्य मन्त्री चेतनारायण आचार्यले उद्घाटन गरेका हुन्।

उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले मानव स्वास्थ्य र माटोको उर्बरा शक्ति सुरक्षाका लागि प्रांगारिक मलको प्रयोगलाई बढाउनुको विकल्प नभएको बताए। उनले प्रदेश सरकारले नीति तथा कार्यक्रममै सिंगो प्रदेशलाई प्रांगारिक प्रदेश बनाउने नीति लिएको उल्लेख गर्दै निजी क्षेत्रबाट सञ्चालित प्रांगारिक मल उद्योगलाई प्रवर्धन गर्ने जनाए।

रासायनिक मलको प्रयोगबाट उत्पादन हुने खाद्यान्नका कारण नागरिक रोगी हुने, नयाँ-नयाँ रोग देखा परेका र लुम्बिनी प्रदेशमा मात्रै बर्सेनि एक हजार बढी क्यान्सर रोगीलाई उपचार खर्च दिनुपरेको उदाहरण दिँदै उनले क्यान्सरको एउटा प्रमुख कारण रासायनिक मल र विषदीयुक्त खानेकुरा भएको प्रमाणित भएकाले लुम्बिनीलाई १५ वर्षभित्र रासायनिक मलमुक्त प्रदेश बनाउने संकल्प लिइएको बताए। ‘सरकारले नीति तथा कार्यक्रममै प्रदेशलाई प्रारिक बनाउने घोषणा गरेको छ, त्यसका लागि स्वदेशका प्रांगारिक मल उद्योगसंग सहकार्य गर्छौं,’ उनले भने-‘शुरुमा पहाडका ६ जिल्ला र क्रमशः तराईका ६ जिल्लालाई प्रांगारिक जिल्ला बनाई सिंगो प्रदेशलाई प्रांगारिक सर्टिफाइड गर्छौं।’

मुख्यमन्त्री आचार्यले प्रांगारिक मलबाट उत्पादन हुने खाद्य वस्तु, फलफूलको विदेश निर्यात गर्न सकिने प्रचूर संभावना रहेको र प्रदेशका केही पालिका प्रांगारिक पालिका घोषित भइसकेको उल्लेख गरे। उनले प्रदेशका हरेक पालिकामा प्रांगारिक मल प्रवर्धनका लागि कृषि ज्ञान केन्द्रलाई सरकारले निर्देशन दिने समेत प्रतिबद्धता जनाए।

ग्रो मोर फर्टिलाइजरको रत्नम मल प्रदेश सरकारमा सूचीकृत भएकाले ढुक्क भएर प्रयोग गर्न मुख्यमन्त्री आचार्यले किसानहरुलाई आग्रह गरे । उनले मल उद्योगलाई कर छुट दिने र अन्य कानुनी समस्यामा सहजीकरण गर्ने भन्दै मनोबल उच्च बनाएर काम गर्न आग्रह गरे।

कार्यक्रममा पूर्व सांसदहरु घनश्याम यादव, प्रमोद यादव, रोहिणी गाउँपालिकाका अध्यक्ष विद्या यादवलगायतले नेपालकै ठूलो प्रांगारिक मल लुम्बिनी प्रदेशमा सञ्चालनमा आउनुले किसानले अब मलको अभाव झेल्नु नपर्ने बताए।

उद्योगका सञ्चालक सिद्धार्थ अग्रवालले कच्चा पदार्थ आयातमा कर छुट र स्वदेशी प्रांगारिक मलको बजारीकरणमा सरकारले सहयोग गर्नुपर्ने आग्रह गरे। उद्योगकी प्रबन्ध निर्देशक पुनमकुमारी अग्रवालले कोरोना संक्रमणले आफ्नै बुबालाई गुमाउनुपरेको र पति समेत कोरोना संक्रमित भई अस्पतालमा भर्ना गरेका बेला मानव स्वास्थ्य जोगाउन र माटोको उर्बरा शक्ति जोगाउन प्रांगारिक मल उद्योग खोल्ने निर्णय गरेको स्मरण गरिन्।

उनले विषादी रहित खानेकुरा ले मात्र मान्छेलाई रोगप्रतिरोधी शक्ति दिने तर रासायनिक मलको प्रयोगले उब्जिएका खानेकुरा विषादीयुक्त हुने हुँदा रोग प्रतिरोधी क्षमता कमजोर हुने भएकाले राज्यले प्रांगारिक मलको प्रयोग आम किसानसम्म पुऱ्याउन सहयोग गर्नुपर्ने आग्रह गरिन्। ‘राज्यले बजारीकरण मा सहयोग गरोस्, अवैध र गुणस्तरहीन मल आयात र विक्रि नियन्त्रण गरोस्।’-पुनमले भनिन्।

कोरोना कालमा उद्योग स्थापनामा अन्य बैंकले नपत्याएको, तर रुपन्देहीको शाइन रेसुंगा डेभलपमेन्ट बैंकले विश्वास गरेर १० करोड कर्जा दिएकाले उद्योग स्थापना सम्भव भएको पुनमले उल्लेख गरिन्।

‘नीतिगत व्यवस्था गर्ने हो भने उद्योगले सिंगो नेपाललाई पुग्ने प्राङ्गारिक मल उत्पादन गर्न सक्छ, र डीएपी मलको आयात पूर्णत प्रतिस्थापन गर्न सक्छ।’-पुनमले भनिन्।

पुनमका अनुसार उद्योगले वार्षिक एक लाख मेट्रिक टनसम्म उत्पादन गर्न सक्छ। उद्योगमा हाल ५० जनाले रोजगारी पाएका छन् र पूर्ण क्षमतामा सञ्चालन हुँदा १५० जनाले रोजगारी पाउने छन्।

व्यावसायिक उत्पादन थालेको एक वर्षमै नेपालका ५० जिल्लामा डेढ सय बढी स्थानमा डिपो खोलेर मल बिक्री गरिरहेको अग्रवालले बताइन्।

‘उच्च गुणस्तरको भएकाले हाम्रो उत्पादनलाई नेपाली किसानले मात्रै होइन, सीमावर्ती भारतीय किसानले पनि मन पराएर माग गरिरहेका छन्’, अग्रवालले भनिन्- ‘अब मानव स्वास्थ्य र माटोको उर्वरा शक्ति जोगाउन सरकारले पनि अर्गानिक मल प्रवर्धन गर्नुपर्छ।’

अर्गानिक मल रासायनिक मलको तुलनामा सस्तो र गुणस्तरीय रहेको अग्रवालले बताइन् । ‘हाम्रो अरू पनि व्यवसाय छ, त्यसबाट नाफा कमाउँछौं, तर प्राङ्गारिक मल कारखाना नाफा कमाउन नभई, मान्छे र खेतीयोग्य माटो दुवैको स्वास्थ्य बचाउन खोलेका हौं।’

उनका अनुसार ५० किलो रासायनिक डीएपी मलको मूल्य करिब २४०० रुपैयाँ पर्ने गरेकोमा रत्नम् अर्गानिक मलको मूल्य १५०० रुपैयाँ पर्छ।

» बाँकी ३ पेजमा

# लुम्बिनीमा बौद्ध आर्थिक शिखर सम्मेलन सुरु



बुटवल । लुम्बिनीमा बौद्ध आर्थिक शिखर सम्मेलन सुरु भएको छ । लुम्बिनी प्रदेशको आर्थिक विकास तथा बौद्ध पर्यटन केन्द्रित रही आर्थिक शिखर सम्मेलन आयोजना गरिएको हो।

लुम्बिनी बौद्ध विश्वविद्यालयको आयोजना र लुम्बिनी प्रदेश सरकारको उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको सहकार्यमा आयोजित सम्मेलनको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार उद्घाटन गरे।

कार्यक्रममा मुख्यमन्त्री आचार्यले भगवान गौतमबुद्धको शिक्षा करुणा, नैतिकता, मध्यममार्ग र सामाजिक न्यायमा आधारित रहेको भन्दै त्यसलाई विश्वव्यापी बनाउनुपर्ने बताए।

उनले यो सम्मेलनले बौद्ध शिक्षाको आलोकमा दिगो विकास, हरित अर्थतन्त्र, सामाजिक न्याय र मानव कल्याणमा आधारित आर्थिक दृष्टिकोणको खोजीमा गम्भीर बहस र छलफलको अवसर प्रदान गरेको बताए।

लुम्बिनी प्रदेश सरकारले बुद्ध जन्मस्थलमा आउने पर्यटकलाई सिंगो प्रदेश घुमाउने बहुआयामिक योजना अघि सारेको जानकारी समेत दिए।

‘लुम्बिनीलाई आधार मानेर समग्र प्रदेशको विकास गर्न सकिन्छ भन्ने आत्मविश्वास हामीसँग छ । तसर्थ, लुम्बिनी क्षेत्रको समग्र विकासलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको छ।’- आचार्यले भने ।

सम्मेलनमा बोल्दै राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले पर्यटन प्रवर्धनका लागि पर्यटक लोभिने क्षेत्र र बस्ने सेवा सुविधा आवश्यक रहने बताए।

लुम्बिनीको विकासमा पर्यटन शीर्षकमा अवधारणापत्र प्रस्तुत गरेका उनले पर्यटक रम्न सक्ने प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक संरचना नहुँदासम्म पर्यटनको विकास हुन नसक्ने उनले जनाए।

सूचना प्रविधिको उच्चतर प्रयोग गर्दै लुम्बिनी प्रदेशका पहाडी क्षेत्रमा भारतीय पर्यटकको कार्यथलो हुनेगरी सेवा मूलक पूर्वाधारको आवश्यकता रहेको उनले बताए।

» बाँकी ३ पेजमा

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ जेठ १७, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

"जुत्ताको फित्ता र डब्बाको खानेकुरोजस्तै किताबहरू पनि उत्पादन भएका छन्।"

– जर्ज अरवेल

('१९८४' उपन्यासबाट)

### समाज विज्ञान पाठशाला

# हरेक कुरा सामाजिक हुन्



रामचन्द्र श्रेष्ठ

समाज विज्ञान विश्वविद्यालय वा औपचारिक शिक्षालयमा मात्र अध्ययन-अध्यापन गरिने गराइने विषयमा सीमित हुनुहुँदैन। समाज विज्ञान आम जनताको चासो र चिन्तनको विषय हुनुपर्दछ। हरेक मान्छेलाई आफु बाँचेको समाज र युगबारे, राज्य र यसका कार्यप्रणालीबारे, इतिहास र परिवर्तनका नियमबारे जान्ने अधिकार छ। हरेक मान्छेलाई आफु र आफु वरिपरिको परिवेशको उद्गम, विकास र परिवर्तनका कारक र नियम जान्नको लागि वातावरण र साधन हासिल गर्ने अधिकार छ। प्रसिद्ध मानवशास्त्री अर्जुन अप्पुदुराईले मान्छेको शोध गर्न पाउने अधिकारलाई मौलिक अधिकारको रुपमा स्वीकार गर्नुपर्ने वकालत गर्छन्। तर, समाज विज्ञानका विविध क्षेत्र, शास्त्रका विवेचना र ज्ञानको लागि बहस सार्वजनिक वृत्तमा साह्रै न्यून पाइन्छ। यो लेख शृंखला समाज विज्ञानको विविध क्षेत्रबारे छलफल र चिन्तनका लागि लेखिन थालेको हो। यो समाज विज्ञानका शुरुवाती विद्यार्थी र साधारण पाठकलाई केन्द्रित गरेर शुरु गरिएको हो। त्यसैले शास्त्रका गहन र दुरुह, रुखा विषयहरूलाई सकेसम्म साधारण पाठकलाई पनि बुझ्ने हिसाबले यहाँ प्रस्तुत गर्ने कोशिस गरिनेछ। समाज विज्ञानका ज्ञाता र विज्ञ पाठकहरूबाट यो शृंखलाको लेखनमाथि समीक्षा, टिप्पणी र सुझावको लागि हार्दिक अनुरोध छ।

लौ त, शुरु गरौं एउटा घटनाबाट।

विपरीत दिशामा गुडेका एउटा टिप्पर र एउटा पल्सर बाइक ठोकिदाँ १८ वर्षको एक युवाको निधन भयो।

यो घटनालाई हेर्ने फरक-फरक तरिका हुन्छन्। एकथरी मानिसहरू ठान्छन्– विचरा त्यो युवा कति कलिलै उमेरमा बित्यो। उसको लेखनी नै त्यति रहेछ। के गर्ने जसको भाग्यमा जे छ त्यहीं त हुने हो।

समाजमा यसरी सोच्नेहरूको संख्या बढी छ। मान्छेले यसरी सोच्नुको पछाडि उनीहरूले विश्वास गर्ने दर्शन हुन्छ। साधारण अर्थमा दर्शन भनेको जीवन र जगतबारेको अवधारणा हो। मान्छेले आफ्नो जीवन र आफु बाचेको जगतबारे के सोच्छ भन्नु नै दर्शन हो। एकथरी मानिसहरू जीवन र जगतलाई लीला ठान्छन्। उनीहरू ठान्छन् कुनै सर्वव्यापी शक्ति छ जसले जीवन बनायो, जगत बनायो र यो सारा जीवन र जगत उहीं सर्वव्यापी शक्तिको परमइच्छामा निर्भर हुन्छ। मान्छे उसैको इच्छाले चल्छ। मान्छेको जिन्दगी केही होइन नियतिको खेल हो। मान्छेको जीवनमा के के घटना घट्न सबै पूर्वनिर्धातिर हुन्छ। उसको जन्मसँगै उसको कसरी निधन हुने हो भन्ने पनि निश्चित हुन्छ। त्यसैले सडक दुर्घटनामा निधन हुन पुगेको युवाको नियति नै त्यहिं थियो। उसको भाग्य नै त्यहिं थियो। यो घटना हुनु नै थियो किनभने यो पूर्वनिर्धारित थियो।

नियतिलाई दोष दिने यो चिन्तनले मान्छेलाई मानसिक शान्ति दिन्छ। ती युवाको आफन्तलाई यो सबै नियतिको खेल हो भन्ने धारणाले उसको निधनको चोट समन गर्ने शक्ति मिल्दछ। तर यो धारणा केवल विश्वासमा आधारित छ। सर्वव्यापी शक्ति अर्थात् ईश्वरप्रतिको आस्थामा आधारित छ। घटनालाई हेर्ने यो नियतिवादी धारणाले सडक दुर्घटनाको खास कारणहरूलाई खोतल्ने, भविष्यमा यस्ता दुर्घटना कम गर्नका लागि आवश्यक पर्ने सावधानीहरूबाट वञ्चित गर्दछ।

माथि उल्लेखित घटनालाई अर्का थरी मान्छेहरू फरक तरिकाले हेर्न सक्छन्। उनीहरू यस घटनाको कारणहरूको खोजी गर्न थाल्छन्। कुनै पनि घटना एक्कासी भएको हुँदैन। हामीले संयोग वा दुर्घटना भनिएता पनि ती स-साना घटनाहरूको शृंखलाको उपज हुन्छ। उक्त घटना हुनुमा टिप्परको अधिक गति दोषी हुनसक्छ। दिनमा जति धेरै ट्रीप गऱ्यो टिप्पर चालकले त्यति धेरै भत्ता पाउने नियमले चालकलाई गति बढाउन उत्प्रेरित गरेको हुनसक्छ। दिनमा धेरै ट्रीप नदीजन्य स्रोतको ओसारपसार गर्दा टिप्पर मालिकले धेरै नाफा कमाउन सक्छ। त्यसैले टिप्पर मालिकले चालकलाई धेरै ट्रीपको लागि जोड गरेको हुनसक्छ। टिप्पर मालिकको नाफा नदीजन्य स्रोत र खानीका ठेकेदारको नाफासँग जोडिएको हुन्छ। नदीजन्य स्रोतमा पकड जमाउन ठेकेदारले राजनीतिक नेतृत्वसँग साँठगाँठ गर्नुपर्ने हुनसक्छ। त्यसका लागि ठेकेदारले धेरै भन्दा धेरै नाफा कमाउन पर्ने हुन्छ। नाफाको लागि भारी तौलको टिप्पर सडकमा तीव्र गतिमा गुड्नुपर्ने हुनसक्छ।

घटना हुनुमा बाइकको तीव्र गति पनि हुनसक्छ। बाइकको तीव्र गति हुनुमा १८ वर्षे युवाको उत्तर किशोरकालीन मनोविज्ञानले काम गरेको हुनसक्छ। उसका साथीहरूमाझ बाइकको तीव्रता वा स्टन्टको लागि प्रतिस्पर्धा हुनसक्छ। वा उसले हेर्ने गरेको फिल्ममा हिरोले तीव्र गतिमा बाइक चलाएको देख्नु र त्यसै अनुसार मनोविज्ञान बनेको हुनसक्छ। तीव्र गतिमा बाइक हाक्दा नायकत्वको अनुभुति भएको हुनसक्छ। कस्तो खालको बाइक, कति स्पीडमा भन्ने कुराले साथीहरूमाझ नायकपनको भाव सिर्जना गरेको हुनसक्छ।

अर्को कारण सडकको अवस्था हुनसक्छ। सडकमा खाल्डा-खुल्डी हुनसक्छ वा साँघुरो हुनसक्छ। सडकको अवस्था बिग्रनुमा निर्माण नै कम गुणस्तरको भएको हुनसक्छ। कम गुणस्तर हुनुमा भ्रष्टाचार हुनसक्छ। भ्रष्टाचारको कारण अनेकौं कमिसनको खेल हुनसक्छ। भ्रष्टाचारले बढावा पाउनुमा राज्य संयन्त्र कमजोर भएको हुनसक्छ। राज्य संयन्त्र कमजोर हुनुमा राजनीतिक दलहरूको ठेकेदारसँगको मिलेमतो हुनसक्छ।

यी विविध कारणले ट्राफिक नियमको उल्लङ्घन भएको हुनसक्छ। फलस्वरुप उक्त टिप्पर र बाइक ठोक्किएको हुनसक्छ। वास्तविक कारण पत्ता लगाउन यस्ता धेरै सडक दुर्घटनालाई मिहिनतापुर्वक अध्ययन गरिनुपर्छ। कारणको खोजी पछि कारणको न्युनिकरणको लागि नीति-नियम र लागु गर्ने संयन्त्रको विकास गर्नुपर्ने हुन्छ।

यसरी एउटै घटनालाई हेर्ने दुई प्रकारको दृष्टिकोण हुन सक्दा रहेछन्। अझै गहिराईमा जाने हो भने यस्तो दृष्टिकोणहरू अनेकौं हुनसक्छन्। दृष्टिकोणहरूमा आधारभूत र सुक्ष्म भिन्नताहरू हुनसक्छन्। यहाँ चर्चा गरिएको दुई दृष्टिकोण मध्ये पहिलो दृष्टिकोण नियतिवादी दृष्टिकोण हो। यसले घटना हुनुमा मानवीय कारणहरूको खोजी गर्दैन। यसले घटनाको जिम्मेवार कुनै परमेश्वर वा सर्वव्यापी शक्तिलाई दिन्छ। यो दृष्टिकोणमा मान्छेको भूमिका केवल पात्रता हो। मान्छे एउटा रङ्गमञ्चको पात्र हो।

दोस्रो दृष्टिकोणले मानवीय कारणहरूको खोजी गर्छ। टिप्पर र बाइक ठोक्किनु केवल संयोग होइन। त्यो घटनाको पछाडि मानवीय कारणहरू छन्। यो घटनाको दोषी मानवीय कारणहरू छन्। माथि हामीले दुर्घटना हुनुको पछाडि हुनसक्ने अर्थराजनीतिक, राजनीतिक, जेण्डर लगायतका कारकहरूको चर्चा गऱ्यौं। यी कारकहरूको गहिराईमा पुग्ने हो भने यी अझैं विस्तृत हुनसक्छन्। तर, सारमा हामी निष्कर्ष निकाल्न सक्छौं कि नियति होइन घटना हुनुमा सामाजिक कारण हुन्छ। समाजका विविध अंग, प्रणाली, व्यवस्थाका कारण घटना घटेको हुन्छ।

समाज विज्ञान अध्ययनको यात्रा यहींबाट शुरु हुन्छ। अर्थात्, हरेक कुरा सामाजिक हुन्छ भन्ने अवधारणा नै समाज विज्ञानको मुल मर्म हो। मान्छे आफैंमा समाजको उत्पादन हो। समाज मान्छेले नै बनाएको हो। समाज निर्माणको लामो इतिहास छ। समाजको निर्माण सँगसँगै मानिस सामाजिक बन्दै गएको हो। हरेक मान्छे अरु कैयौं मान्छेसँग जोडिएको छ। मान्छे मान्छेबिचको यो सम्बन्धको आयाम फरक-फरक हुन्छ। मान्छे मान्छेसँग रगतको नाता हुनसक्छ। विवाहले नाता जोडेको हुनसक्छ। व्यापारले, पेशाले, रुचिका क्षेत्रहरूले पनि सम्बन्ध जोडेको हुनसक्छ। कैयौं यस्ता सम्बन्धहरू हुन्छन् जहाँ मान्छे परिचित नै नहुन पनि सक्छन्। जस्तो कि मैले लेखेको यो सामग्री पढिरहनुभएको तपाईं कैयौंसँग मेरो व्यक्तिगत परिचय नहुनसक्छ। तर सञ्चारको माध्यमले हामी जोडिएका छौं। मान्छे मान्छेबिचको यो सम्बन्धको सञ्जाल नै त समाज हो। समाजको आधारभूत परिभाषा भनेकै सम्बन्धको सञ्जाल हो। सम्बन्धको सञ्जाल बन्ने क्रममा नै सामाजिक संस्थाहरूको निर्माण भएको हुन्छ। समाजशास्त्र अध्ययनको विषय नै समाज हो। अर्थात्, सामाजिक सम्बन्धका आयामहरू, सम्बन्धले निर्माण गरेका संस्थाहरू, सम्बन्धमा आउने परिवर्तनहरूको अध्ययन समाजशास्त्रको विषय हो।

मान्छेले सम्बन्धको निर्माणमात्र गरेको छैन। मान्छेले संस्कृतिको निर्माण गरेको छ। अर्को शब्दमा भन्दा, सम्बन्ध पनि संस्कृतिको एउटा पाटो हो।

मान्छे र अन्य जीवहरूको मुख्य फरक भनेकै संस्कृति हुनु र नहुनु हो। अन्य जीवहरू पूर्णतया प्राकृतिक हुन्छन्। प्रकृतिले निर्धारित गरेको सीमाभित्र उनीहरूको जिन्दगी व्यतित हुन्छ। हामीले बेला बेलामा भन्छौ चरा जस्तै स्वतन्त्र बन्न पाए। वा हात्ती जस्तै बलियो बन्न पाए कस्तो हुन्थ्यो होला। तर, मान्छे र चराको तुलना गर्ने हो भने मान्छे चरा भन्दा स्वतन्त्र छ। हिमाली भेगको चरा हिउँ पर्न थालेपछि बसाईं सर्छ। अन्टार्टिकाको पेन्गुइन त्यहीं सीमित छ। मान्छेलाई हेर्नुस त, संसारको कुन भाग छैन जहाँ मान्छेको पाइला परेको छैन। मान्छे अति चिसो र अति तातो दुवै ठाउँमा छ। हात्ती जत्ति शक्तिशाली भए पनि लुरे माउतेले नियन्त्रण गरेको हुन्छ। बरु मान्छेले हात्तीभन्दा पनि शक्तिशाली यन्त्रहरूको निर्माण गरेको छ। मान्छे प्रकृतिको सीमामा कैद भएन। मान्छेले प्राकृतिक सीमालाई चुनौती दिंदै संस्कृतिको निर्माण गऱ्यो। संस्कृति भनेकै मान्छेद्वारा निर्मित सम्पूर्णता हो। अर्थात्, जे प्रकृति होइन त्यहीं संस्कृति हो। त्यसैले संस्कृतिलाई दोस्रो प्रकृति पनि भनिन्छ। मान्छे र मान्छे निर्मित संस्कृतिको विषद् अध्ययन गर्ने विषय मानवशास्त्र हो।

मान्छे चिन्तनशील प्राणी हो। मान्छेसँग संज्ञानात्मक क्षमता छ। त्यसैले मान्छेले जीवन र जगतबारे चिन्तन गर्छ। जीवन र जगतबारेको चिन्तन नै दर्शनशास्त्रको विषय हो।

अन्य प्राणीहरूको भूगोल प्रकृतिले निर्धारित गरेको हुन्छ। मान्छेको भूगोल मान्छे आफैले निर्धारित गरेको छ। मान्छेले राज्यहरूको निर्माण गरेको छ। मान्छे राज्यसत्तादेखि लिएर अनेक सामाजिक-आर्थिक सत्ताको लागि एकाआपसमा प्रतिस्पर्धारत छ। शक्ति सम्बन्धदेखि राज्य सत्तासम्मको अध्ययन राजनीति शास्त्रको विषय हो।

अन्य प्राणीहरू केवल प्रकृतिको उपभोग गर्छन्। मान्छेले उत्पादन गर्छ। आफ्नो उत्पादनको वितरण र विनिमय पनि गर्छ। उत्पादन, वितरण, विनिमय, उपभोगको प्रणालीको अध्ययन गर्ने विषय अर्थशास्त्र हो।

समाज विज्ञानका यस्ता अनेकौं विधाहरूले समग्रमा मान्छेको सामाजिक जीवन र समाज प्रणाली र सामाजिक परिवर्तनहरूको अध्ययन गर्छन्। सारमा, मान्छे र मान्छेसँग जोडिएका सारा विषयहरू सामाजिक हुन् भन्ने अवधारणाबाट नै समग्र समाज विज्ञान अभिप्रेरित छन्। आगामी अंकहरूमा हामी यीनै शास्त्रहरूका विविध विषयहरूको चर्चा गर्नेछौं।

## कविता

### जेल

कृष्ण सेन 'इच्छुक'

म पर्खालभित्र छु  
तिमी पर्खालबाहिर छौँ  
म पहराभित्र छु, तिमी पहराबाहिर छौँ  
म यातना-गृहमा छु  
तिमी खुल्ला शिविरमा छौँ  
सिकारीले बाँधेको छाँद होस्  
अथवा त्यो उसको फाँद होस्  
के फरक पऱ्यो र ?  
मित्र, अर्काको मुठीभित्र पराधीन जिन्दगी  
जहाँ काट्नुपरे पनि त्यो जेल हुन्छ  
जहाँ जीवन बन्धनहरूभित्र कैद हुन्छ  
जहाँ सुन्दर सपना सधैँ अवैध हुन्छ  
जहाँ मुक्त आकांक्षाहरू बन्देज हुन्छन्  
जहाँ हार्दिक भावहरूमा ठेस लाग्छ  
अनि जहाँ बासी हावा बहने दुर्गन्धमा पनि  
निर्धक्क सास फेर्न प्रतिबन्ध हुन्छ  
बन्दुकको पहरा होस्  
अथवा त्यो कानुनको घेरा होस्  
के फरक पऱ्यो र ?  
मित्र, भयभीत परिवेशमा त्रसित जिन्दगी  
जहाँ बाँच्नुपरे पनि त्यो जेल हुन्छ।  
जहाँ बेला-कुबेला रमन घुमिरहन्छ  
जहाँ कारण-अकारण साइरन बजिरहन्छ  
सडकमाथि बेलगाम घोडाको टापजस्तै  
जहाँ चर्को आवाज गरी मार्च-पास चलिरहन्छ  
अनि जहाँ मौसम बेमौसम बारुदहरू गर्जेर  
सधैँ रगतको झरी परिरहन्छ  
पर्खालभित्र होस्  
अथवा त्यो पर्खालबाहिर होस्  
के फरक पऱ्यो र ?  
मित्र, सधैँ छातीमा चाँदमारी थापेको जिन्दगी  
जहाँ गुजार्नुपरे पनि त्यो जेल हुन्छ  
उही दिन सधैँ, उही रात सधैँ  
उही बिहान र साँझ साथ छ  
उही स्वप्नभंग विवश जिन्दगी  
उही गतिहीन समय साल छ  
निकासबिनाको बन्द तालजस्तै  
जहाँ गन्दा समाजसाथ अँधेरो बास छ  
कुनै अनाम देश होस्  
अथवा त्यो प्रिय स्वदेश होस्  
के फरक पऱ्यो र ?  
मित्र, उत्पीडित समाजमा पददलित जिन्दगी  
जहाँ बिताउनुपरे पनि त्यो जेल हुन्छ।

### स्मृतिपटबाट

# कविता स्वयम्भू हैन, सृजना हो

माधवराज शर्मा

सर्वप्रथम सन्दर्भसूत्रका रूपमा केही पुराना कुराहरू सम्झाउनीका रूपमा यद्यपि ५ दशकअघिका ती कथाव्यथा हामी स्वयंलाई पनि किंवदन्ती जस्ता लाग्दछन्।

बाल्यकालमा हामी प्रायः एउटै परिवेशमा एउटै सामाजिक संरचनाभित्र हुर्क्यौं बढ्यौं। अध्ययनकै क्रममा जब दाजी ठाकुर तानसेन आउनुभयो, हामीबिचको अन्तरङ्गता प्रगाढ हुँदै गयो। म आफू कक्षा ५ देखि नै जे.भि.टि.को विद्यार्थी। दाजीले आफ्ना केही मित्रसँगै पद्म पब्लिक हाइस्कुलमा प्रवेश गर्नुभयो। हामी समवयी थियौँ, समकक्षी थियौँ, एउटै डेरामा बस्थ्यौँ। त्यस बखत दुई हाइस्कुलबिचमा तीव्र प्रतिस्पर्धा हुन्थ्यो। यो कुरा विशेषतः फुटबल, साहित्य-कविता, वादविवाद, अन्ताक्षरी जस्ता अतिरिक्त क्रियाकलापयुक्त प्रतियोगिताहरूमा स्पष्टतः देखिन्थ्यो। तर हामी एउटै गाउँलेहरूबिचमा भने यसबाट केवल अन्तप्रेरणा-अभिप्रेरण मात्रको अनुभूति हुन्थ्यो, प्रतिस्पर्धाभन्दा।

तानसेनमा सँगै बस्न थालेपछि हामीबिच आत्मीयता अझ प्रस्फुटित हुँदै थियो, विशेषतः साहित्य-कवितामा। दुवैका स्वनामधन्य गुरु थिए त्यस बखत चर्चित पारसमणि प्रधान रचित-सम्पादित पाठ्य पुस्तकीय समहित्य र तत्कालीन धवल पुस्तकालय। त्यही सेरोफेरोमा प्रायः स्वाध्यायबाटै हामीमा साहित्य कविता सृजनाको रुचि र छन्दज्ञानको पनि जग बसेको थियो। म पनि केही उपनामहरूमा कविता, निबन्ध, नाटक समालोचना लेखी टोपल्थेँ र दाजीलाई प्रथम श्रोताका रूपमा पाउनु मेरो सौभाग्य हुन्थ्यो।

एस.एल.सी. पछि म स्वयं अध्ययन र सरकारी जागिरको सिलसिलामा गाउँबाहिर लागेँ भने दाजी ठाकुर गाउँमा नै अध्ययन र स्वाध्ययनतर्फ संलग्न हुनुभयो। तथापि हामीबिच प्रायः निरन्तर संवाद भइरह्यो पत्र-कवितामा। दाजीले अत्यन्त राम्रा कविता रचना गर्नुहुन्थ्यो र उहाँको छन्दोबद्ध कवितावाचन शैली श्रुतिमधुर हुन्थ्यो। अझै पनि उहाँबाट मिठासपूर्ण लयात्मक शैलीमा गरिने कवितावाचन उत्तिकै मुग्धकारी छ। यस अवधिमा पनि जब जब चाडपर्व बिदामा म आफ्नो गाउँघर पुग्थेँ हाम्रा आत्मीय संवाद-शृङ्खला जारी रहन्थे। अझ भनूँ, म सुनाउनभन्दा सुन्न नै उद्यत हुन्थेँ। स्वरचित कविता स्वयं रचनाकारकै मुखबाट सुन्न पाउनु आह्लादकारिताको गर्विलो क्षण हुन्थ्यो।

त्यसो त दाजीले शैक्षिक क्षेत्रमा रहेर आफ्नो अध्यापनसेवामा संलग्न रहँदा स्वतन्त्र स्वाध्यायनका अतिरिक्त सौभाग्य माध्यमिक विद्यालय, चिदिपानीको शैक्षिक वातावरणमा संलग्न, विशेषतः त्यहाँका आदरणीय गुरुहरू स्वर्गीय श्री चन्द्रदेव पौडेल, श्री होमनाथ काफ्लेका अतिरिक्त नेपाल बन्धुहरूको सान्निध्यमा आफ्नो लेखनशैलीमा प्रशस्त निखार पुऱ्याएको देखिन्छ। साथै हाल आएर अवकाशित जीवनयापनका क्रममा पनि अधिकांशतः भैरहवा क्षेत्रमा सक्रिय साहित्यिक मित्रहरूको अनुप्रेरणा र सङ्गतले उहाँभित्रको कवि अझ परिपक्व हुँदै गएको महसुस हुन्छ।

त्यसो त मोफसलमा रहेर काव्यकृति प्रकाशित गर्नु तथा त्यस्ता कृतिनिम्ति पाठक प्राप्त गर्नु केही दशक अघिसम्म असम्भवप्रायः नै थियो। त्यो स्थिति धेरथोर रूपमा अहिलेसम्म विद्यमान छ। यस तथ्यलाई दृष्टिगत गर्दागर्दै पनि उहाँ आफूले निरन्तर सृजना गरेका स्फुट रचनालाई प्रस्तुत सङ्ग्रहमा एकत्रित गरी प्रकाशनार्थ अभिप्रेरित हुनु सुखद कुरा हो। यस क्रममा दाजीले आफ्ना करिब ४ दर्जन स्फुट कविताहरू भैरहवाबाट अनलाइनमार्फत उहाँकै एक पाठक, मकहाँ प्रेषित गर्नुभएको छ मन्तव्यका निम्ति। म उहाँको आत्मीयता उहाँको अटुट विश्वास र उहाँको आग्रहयुक्त वचनले थिचिएको छु र त्यसप्रति आफ्नो दायित्वबोध पूरा गर्न हौसिएको पनि छु।

प्रस्तुत कविता उहाँमा रहेका बहुआयामी काव्य संवेदनाका उहापोह मात्रै हैन जीवनका समग्र आरोह-अवरोहलाई पनि विशिष्टीकृत गर्ने उपक्रमका छन्। कविता स्वयं वाचाल छन् त्यसर्थ तिनीहरू अधिकांशितः काव्यिक गम्भीरता (पोयटिक सोब्रायटी) र काव्यिक न्याय (पोयटिक जस्टिस) सम्पादन गर्न कहिले शून्य डिग्रीमा, कहिले १८० डिग्रीमा र कहिले ३६० डिग्रीमा विचरण गर्दछन्। अनगिन्ती भाव-संवेदनाले जेलिएका यी कवितामा कल्पनाशीलता र स्वप्नदर्शी संचेतनाहरू मडारिएका छन्। रचनाकार आफू उभिएको वैचारिक सतहदेखि लिएर सुदूरवर्ती दृश्यान्तका क्षितिजहरूसम्म पनि तिनीहरूको उडान देख्न सकिन्छ। यस अतिरिक्त वयस्क जीवनको उत्तरार्धमा व्यक्त जैविक संचेतनाका संकुलता र आवेग संवेगहरू पनि सामाजिक विशृङ्खलाको अनेपक्षिता उद्वेगले आन्दोलित छन् र यदाकदा शिथिल मात्र होइन धराशायी र स्खलित पनि देखिन्छन्।

त्यसो त कविता के हो र त्यसको कसी कस्तो हुनुपर्छ ? यस प्रश्नको जवाफ सहस्रौं कवि-साहित्यकारहरूले सहस्रौं तरिकाले प्रस्तुत गरेका छन्। कविको कल्पना उडानमा जुन संवेग, आवेग, राप, ताप, गति, लय, सौन्दर्य, संवेदना हुन्छ। अन्ततः त्यही नै कवितामा प्रस्फुटित हुने हो। यसैलाई वर्डस्वर्थले सहज भाषामा आफ्ना शक्तिशाली अनुभूतिहरूको स्वयंस्फुर्त प्रवाह भनेका छन्। बालकष्ण समले यसलाई "भावनाको बौद्धिक कोमलता" भनेर परिभाषित गरेका छन्। जर्ज उअरका अनुसार काव्य-सिर्जना वस्तुतः कविले आफ्नो पाञ्चभौतिक व्यक्तित्वबाट बाहिर निक्लेर गरिने सृजना हो। तर, कविता स्वयम्भू हैन, सृजना हो। त्यसर्थ यो कहिले बढी वस्तुनिष्ठ, श्रेयस्कर वा प्रेयस्कर हुने गर्दछ।

विनिर्माणवादीरूको (ज्याक डेरिडा लगायत) दृष्टिमा कुनै पनि कथ्यको शाब्दिक अर्थले मात्र सतही कुरा व्यक्त गर्दछ। त्यसर्थ हामीले मूलतः तभहत को नै परीक्षण गर्नु पर्दछ।

कविता लेखिनुको पृष्ठभूमि त्यसको पूर्वापर प्रसङ्ग, त्यसको काल, संस्कृति, समाज आदि नै आधारभूत विषयवस्तु हुन्।

समग्र कविता हेर्दा कविको परिधि विशाल छ। त्यसका केही उदाहरण हुन्-अलेक्जान्डर सेलकर्क, खोरको मुसोसित, वृद्धाश्रमकी वृद्धा, भूपीको सम्झना, भानुप्रति, कुमुदिनीप्रति, शरह आदि। त्यसर्थ कवितालाई त्यही तभहत को सन्दर्भमा बुझ्नुपर्छ। उमेरजन्य शिथिलताले कविताको मानसिक तेजोवध गर्न नसके तापनि हाल आएर कवितामा केही नैराश्य पनि पोखिएका छन्। देश, समाज र समस्त रूपमा स्खलित हुँदै गइरहेको मानवीय चेतना देखेर पनि कवितामा निराशा र विद्रोहका सावेत स्वर पनि मुखरित भएका छन्। उदाहरण हुन्-सम्वाह, ढल्न लागेको बुढो रुख, म को हूँ, विसङ्गति, हाम्रो शहर, कुकुर आदि।

सर्सरी हेर्दा र पढ्दा निकै साधारण लाग्ने उपमा र प्रतीकहरूको आडमा धेरै कविता ठडिएका छन्। कतिपय स्थितिमा तिनीहरू मर्मभेदी प्रहार पनि गर्दछन् भने निराशाको पल्लो छेउमा लगेर सांसारिकताको जन्जालयुक्त पहिरोप्रति सजग गराउँछन्।

यसरी अधिकांश कविताको सारपक्ष मजबुत छ, हो रूपपक्ष वा संरचनापक्षमा यदाकदा व्याघातहरू देखिन्छन्। समग्रमा भन्नुपर्दा कविता सङ्ग्रह श्रुतिमधुर, सारवान् र पठनीय छ। त्यसर्थ भविष्यमा अझ खारिएका यस्ता काव्यहरू सृजित हुँदै जाने विश्वास र अपेक्षा गर्न सकिन्छ।

(चिदीपानी-६, पाल्पा)

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

निबन्ध

# घाम

घाम जो स्वयम्मा न्यानो छ, न्यानो बनाउने विश्वासमा झुल्कन्छ, जो उज्यालो पनि छ, उज्यालो छर्न प्रत्येक धुरीमा टप्कन्छ, मलाई अत्यन्त प्रीतिकर लाग्छ। समययात्राको अनन्त युगमा पनि आदिकालझैँ पूर्वीतिरबाट अलमस्त उदाउदै घाम पश्चिममा अस्त हुन्छ। दिशा र समयमा विचलन छैन। नियत र अभिप्रायमा अस्पष्ट छैन। विश्वास बिटुलिएको छैन। कसैको आँगनमा पसारिएर र कसैको आँगनबाट भागेर सर्वव्यापकताको बोध अचेत बनाएको छैन। कालखण्ड इतिहास-निर्माण गर्दै कहाँबाट कहाँ पुगिसक्यो।समयको पृष्ठभूमिमा विज्ञानले कस्तो कस्तो आश्चर्यजनक उपलब्धिहरू हासिल गरिसक्यो, तर सूर्य जो हजारौँ वर्ष पहिल्यै जसरी पूर्वबाट बिहान उदाउँथ्यो आज पनि पूर्वबाटै त्यसरी नै उहि भावभङ्गिमामा उदाउँछ।

सूर्य हाम्रो निद्रा खुलाउँछ। हाम्रो तन्द्रा भगाउँछ। सूर्यको पहिलो किरण झ्यालबाट सुस्तरी पस्छ र अनुहारमा पोखिँदै निद्रालु हाईलाई भगाउँछ। शिशुको कोमल स्पर्शले उठाउँदै दिनलाई कर्तव्यमय बनाउन साउती गर्छ। असरल्ल फिँजिएको उज्यालोमा रातको अँध्यारोमा-एकै लाग्ने वस्तुहरू फरक-फरक देखिन्छन्। बाटोमा आवतजावत गर्दै गरेका मानिस देख्छौँ। उनीहरूको अनुहारमा उम्रिएका भावहरू देख्छौँ। अलिअलि बुझ्छौँ पनि। रातमा एकै-एकै झैँ लाग्ने वस्तुगत निरपेक्षताको स्थिति विलुप्त हुन्छ। जगत्मा भएका पृथक् स्वभावका जैविक र अजैविक वस्तुहरू आफ्नो नैसर्गिकरुपमा भेटिन्छ। नैसर्गिक रुपमा अस्तित्वगत अग्लो होचो, गोलो च्याप्टो, ठुलो सानो, राम्रो-नराम्रो र सौन्दर्य-वीभत्सताकाभेदरेखा चाल पाउँछौँ। सूर्य निद्रा खोस्छ। निद्रा मात्र खोल्दैन, निद्रामा आउने यथार्थ झैँ लाग्ने सपनाको भ्रम चुँडाल्छ। मस्तिष्क झकझकाउँछ र नाङ्गो शरीरमा यथार्थको चिसो बरफले हिर्काउँछ। सूर्य सप्तरङ्ग बोकेर मनःस्थितिका विविध आयामहरू प्रतिविम्बित गर्छ। घाममा निहित हरियो, नीलो र रातो तीन प्रमुख रङ्गहरू जीवनका तीता मीठा अनुभूतिहरू मात्रात्मक र गुणात्मक रुपमा दर्शाउँछ। हरियो रङ्ग, अस्तित्वको रङ्ग, प्रकृति र जैविकताको सामीप्य छाड्न नहुने आग्रह गर्छ। नीलो रङ्ग, निस्सिम आकाशको रङ्ग, सिमाहिन आकाशमा प्रशस्त फैलिएर मानिसस्वयम्मा एउटा महायोजना बाँच्नुपर्ने भन्छ। नीलो रङ्ग, समुद्रको रङ्ग पनि हो। समुद्रको गहिराइमा अनन्त सम्भावनाहरू हुन्छन्। रातो,सांसारिक रङ्ग हो। रातो जीवनप्रति बासना जगाउँछ। र दृष्टिकोणमा तटस्थ र निरपेक्ष नहुन आग्रह गर्छ। वासना जीवनमा प्रयोजनको मोह जगाउँछ। वस्तुतः जिजीविषा वासना हो। ईन्द्रियगत वासना। सौन्दर्य अनुभूत हुन वासना जरुरी छ। वासनाको कारणले नै हामी फूल सुन्दर र काँडा कुरुप भेट्छौँ। घाम प्रत्येक तरङ्गमा, संयोजनमा यसरी प्रयोजन बोक्दो छ।

सतत् आफ्नो मार्गमा निर्विघ्न बढेर घाम गतिशिलताको उदाहरण प्रस्तुत गर्छ। बिहानको कमलो घाम जसको भावभंगिमा जोसुकैले मनपराउँछ, दिउँसो हुँदा-नहुँदै प्रचण्ड हुन्छ। मध्यान्हको प्रचण्ड तेज जहाँ शक्तिसञ्चयको तीव्र उफान हुन्छ, बहुल मान्छेहरूलाई पोल्न, तिरमिर्याउन र खङ्ग्राउन पर्याप्त छ। युवावस्था मध्यान्हको चर्को घाम हो। सकुन्जेल सबभन्दा अग्लो विन्दुमा अडेर धरतीका समस्त प्राणीमा एउटा हेय दृष्टि फ्याँक्दा बन्ने मध्यान्हको पुड्को छाया आश्चर्यजनक होइन। तर गतिशील हुने क्रममा सूर्यले ढल्कनै पर्छ। प्रकृतिको विधानबाट उम्केर जान कहाँ सकिन्छ र ? जवानीको रापिलो भावाबोध र अस्ताचल हुदै जाने पश्चात्तापको मन्द तापमा घाम मृदुल र परिपक्व देखिन थाल्छ, यद्यपि उज्यालो फ्याँक्न छोड्दैनन्।

दिनभर म जे गर्छु,घामकै उज्यालोमा गर्छु। रातमा प्राकृत उज्यालो रहँदैन, तसर्थ मैले आँखा चिम्लनुपर्छ। सुत्नुपर्छ। घामको उपस्थिति, मेरो कार्य सम्भव गराउँछ। घाम झुल्केसंगै मैले एकै ठाउँमा जीउ लडाएर सुत्नु हुँदैन। दिनभर म काममा व्यस्त रहन्छु। समय सृजना माग्छ। म सृजना कोर्न प्रयासरत् रहन्छु। बदलामा सृजना उपलब्धि थमाउँछ। म मेरो सृजनामा पोखिन्छु। मसोचाइमा व्यावहारिकता जाँच्दछु र गराइमा पूर्णता। म बाटामा, चियापसलमा भेटिने मानिसहरूसंग कुराकानी गर्दछु। कुराकानीमा म उघ्रन्छु र अरु पनि संगै उघ्रेको हेर्न चाहन्छु। म केही भन्छु, केही सुन्छु र जैविक आबद्धता महसुस गर्छु। कहिले काहि विवेकले आत्मनियन्त्रण खोज्छ। त्यस्तो समय, म मौन हुन्छु। र आफूसँगै कुरा गर्छु।

सबैभन्दा कठिन आफूसँग बोल्नु हुन्छ। यसमा आत्मसंयमको कठिन परीक्षा हुन्छ। अरुसँग बोल्दा औपचारिकताको वरण गर्न सकिन्छ। प्रारम्भमा विकसित भएको वार्तालापको धारो समातेरै अगाडि बढ्न सकिन्छ। बोलाइमा उसले खोजेकोजस्तो दर्शाउन सकिन्छ, तर स्वयंसँग दोहोरो मापदण्ड सम्भव हुदैन।स्वयंसँग मौन रहनु निसास्सिँदो पनि हुन्छ। तर पनि विवेको आदेशमा मौन हुन्छु। र स्वयंलाई नियाल्छु। कहिले स्वयमलाई शङ्का गर्छु, कहिले विश्वास। मौनतामा म कहिलेकाही ब्रह्मवाणी पनि भेट्छु। जो सेतुको रुपमा समस्त प्राणी जोड्दो छ। तर यी सब, मेरो उठाइ, बोलाइ र मौनतासँगको सामिप्यसूर्यको उपस्थितिमा नै संभव हुन्छ।

घाम क्षितिजतिर डुब्दै गरिरहेको हुन्छ, एउटा वृद्ध मृत्यु-शैयामा पल्टिरहेको दृश्य संझाउदै। घामले आफ्नो शरीरमा पहेँलो रङ्ग पोत्न थाल्छ। पहेँलो रङ्ग, मृत्युको रङ्ग। पश्चिमदिशाको डाँडामाथि शिरमा तुर्लुङ्गिदै केहि बेरमै त्यसै डाँडाको खोँचमा सूर्य खस्छ भन्ने सोच्दा खिन्नता जन्मन्छ। कहिले सूर्य खस्छ र वस्तुगत निरपेक्षता बोकेर संसारभर चढाइ गरुँला भन्दै कालो नियतको रात खोँच छेवैमा च्याँखे थापेर बसेको झैँ लाग्छ। सूर्य के खस्छ, संसारतर्फ उघारिने मेरो झ्यालको खापा पनि खस्छ।

भालेको डाँकसँगै म उठ्छु। वर्तुल आकृतिमा पोखिएको उषाको लालिमासँगै म उठ्छु। झ्यालका खापाहरू खोल्छु। कहिले खुल्ला र सर्वव्याप्त हुँला भनी बन्द खापामा टाँसिएर बसेका घामका किरणहरू कोठा भरि हतार गरि पस्छन्। र, यत्रतत्र छताछुल्ल पोखिन्छन्। कोठाका खाट, कुर्सी, टेबुल तुरुन्त आ-आफ्नो आकार ग्रहण गर्छन्। मानौं, जादुगर सूर्यले मन्त्र ग-यो र ती निर्जी वस्तुहरू अकस्मात् कोठामा देखाप-यो। रातभर कुँजिनुपरेको परिचयको धर्मसङ्कटबाट फुत्केर वस्तुहरूले आफ्नो उपादेयता निसङ्कोच शङ्खघोष गर्छन्। उठदै म ओछ्यान मिलाउँछु। यस्तै पृष्ठभूमिमा मसँग मेरो दिन पनि सँगै उठ्छ। घामको किरणले मेरो हात समाएर कोठाबाहिर लग्छ। घरको आंगनबाट, बथान पंक्षीहरू लस्करै आहाराको खोजमा उडिरहेको दृश्यमा कर्तव्यमय सौन्दर्यचेत पनि सँगै उठ्छ।

घामको कुरा उठ्दा डच पेन्टर भान गग सम्झन्छु। घामप्रतिको उनको अनुराग-आसक्ति त्यो हदमा बिरलै भेटिन्छ। घामले बोक्ने विवध स्वभाव, मुद्रा र भावदशा चित्रबद्ध गर्नु उनको लालसा हुन्छ, सृजनात्मक लालसा। कतै पढेको थिए, घामसँग तादात्म्य भाव स्थापना गर्न उनले दर्शौं वर्ष घामलाई नियालेका थिए, प्रतिपल नवीन भावले। घामभित्रका थुप्रै घामहरू सार्वजनिक स्कूलमा देखिने, भेटिने फरक फरक अनुहारका मायालाग्दा नानीहरू देखिएका थिए कि ? घामको व्यक्तिचित्र बनाउने भान गगको निम्ति घाम मानिस भन्दा कदाचित फरक थिएन। उनको निम्ति घाम बोल्थ्यो, रिसाउँथ्यो, मौन हुन्थ्यो, ठुस्कन्थ्यो। घाम उनको निम्ति अजम्बरी मानिस बनेको थियो, जो लाखौंबर्ष देखि गतिशिल छ। त्यो घाम जसलाई गगले सदैव मान्छेजस्तै भेटे, म शब्दले पक्रने प्रयास गर्छु। ऊ रङ्गहरूले घाम पोत्न खोज्थे। म शब्दहरूले छोप्न खोज्छु। घाम झन्झन् उम्कन सफल हुन्छ। घामले कसैको अधीनमा हुन कहिले जान्यो र ? कति स्वतन्त्र छ घाम ! घाम स्वतन्त्र छ तर कर्तव्यभावबाट च्युत छैन।सधैँ झुल्केर मैले सबै प्राणीलाई सघाउनु छ भनेर घामले कहिले बिर्स्यो र ?

रातभर पानी दर्कन्छ। बिहानको पहिलो किरणसंगै चिसो भुई आर्द्र वाष्पहरू फ्याँक्दै तातिने प्रक्रिया थाल्छ। चियाको केतलीबाट वाफ उडिरहेको संझना दिलाउनै जमीनबाट उड्दै गरेको बाष्पहरू प्रष्ट देखिन्छ। पखालिएकोले आकाश र यावत् दृश्यहरू छ्याङ्ग खुल्छ। घाम लाग्छ। थुम्काहरू, डाँडाका कप्टेरामा बसेका गाउँहरू र घरका आँगनमा घामहरू भेला हुन्छन्। गाऊ, बस्ती, शहर र संसार नै ब्युझिन्छन्। र आफ्नो आफ्नो काममा लाग्छन्। खोँचमा बसेर म थुम्कोको घाम पाउन सक्दिनँ। चाँडै उज्यालो पाउन मैले उकालो चढ्नुपर्छ। घामको उपलब्धताले पनि उपभोग गर्नेको जाँगर खोज्छ। मानिसहरू आफ्नो छतमा भिजेका चिसा लुगाहरू सुकाउँछन्। पहिरन र आवरणकै महत्व देखा पर्छ। सफा सुकिलो हुनुपर्ने चेतमा सुकाइएका लुगाहरू एक्वारियमका रङ्गीबिरङ्गी माछाहरू झैँ देखिन्छन्। तर कहिले सम्म ? समय घर्किदै जाँदा घामहरू आफ्नो बासस्थान फर्कन्छन्। अध्यारोले आफ्नो चढाई शुरु गर्छ।

साँझपख विचरण गर्ने बानी पर्छ। म बानीको लती हुन्छु। म सधैँ साँझ एक चक्कर एकान्तसँगै हिँड्ने गर्छु। पूर्व, उत्तर, दक्षिण चौतर्फी छरिएका बादलका सेता, काला, खैरा गुच्छाहरू ठुस्केर बसेझैँ लाग्छ। पश्चिमको टुक्रा भने घामझैंस्वर्णिम बन्दै श्याम-श्वेत टुक्राहरूलाई जिस्काउँदै छ। म लोभी मान्छे, चौरको डीलमा उभिएर पश्चिमै फर्कन्छ। वन क्याम्पस पछाडि छोडिइसकेको हुन्छ। अब ढुङ्गेसाँगु नजिकै देखिन्छ। सेती नदि लज्जावती भई भू-सतहभित्र बगिरहेको छ।त्यसको सुसेलो मन हर्ने लयको छ। लाग्छ, माछापुच्छ्रे सम्पूर्ण गतिविधि नियालिरहेछ।

म बादलको गुम्बजमा काल्पनिक आकृतिहरू निर्माण गर्न थाल्छु। कतै म कृतिकारकै शरिरमा प्रविष्ट गर्छु। त्यहाँ कृतिकार यतिविघ्न सृजनामा डुबेको छ कि, कृति र कृतिकाबिचको पार्थक्य हराएको छ। एउटा सम्पूर्णता महसुस हुन्छ, सेतीपारि धानका फाँटहरू आकाशमुनि साँझको शीतल बतासमा कम्मर भाँची-भाँची झुलिरहेका हुन्छन्। सान्ध्य घामका सिर्काहरू छोटिदै हुन्छन्। घामको अद्भुततामा म दङ्ग पर्छु। एउटै घाम कति विविध ? समय अनुसार पृथक् रङ्ग, संयोजन र मुद्रामा भेट्टिन्छन्। घाम आक्रोशमा पनि सजिलै आउन सक्छ।

रौद्र रुप धारण गरेर ताप र तेजले सबैलाई त्राहिमाम बनाउन सक्छ। साथै अथाह ताप र राप-विसर्जन गरेर तुरुन्त गम्भीर मुद्रा ग्रहण गर्न पनि सक्छ। शुभ्र बादलका अनगिन्ती टुक्राहरूमा सूर्यका अन्तिम सिम्रिकहरू पोखिएर नीलो प्रशास्त समुद्रमा राता-राता नौकाहरू जस्ता देखिन्छन्, आकाशका दृश्यहरू। साँझको सिरसिरे ररुमानी बतास बाँच्ने लालसा बोकी ल्याउँदै कानमा साउती गर्छ, मानिसले प्रकृतिको नजिक बस्नुपर्छ। फेरि दृष्टि फैलाउँछु। सेती पारिको धूले बाटोमा गाउँका फुच्चे बालकहरू शायदट्रायरका चक्का गुडाउँदै खेलिरहेका देखिन्छन्। पश्चिमतर्फको आमुख छोड्न सक्दिनँ। लाग्छ- मसीहा बालकको रुपमा शहरको कोलाहलभन्दा पर यो निर्जन ठाउँमा क्षणभरको लागि ओर्लेको छ। ठोकुवा गर्छु, यस्तै हुनुपर्छ, योभन्दा फरक हुनै सक्दैन, वर्जवथको 'लेक डिस्ट्रिक्ट' र थोरोले 'वाल्डन' लेख्दाको परिवेश। बतासको स्पर्श बढ्दै जान्छ। अनुहारभरि अनुभव गर्छु।

बतासकोस्वच्छन्दतामा कहिले नियम बाँधियो र ? बादलको दगुराइमा कहिले निर्देशन पस्यो र ? घामको तीव्रताले कहिले सीमितताको भाषामा बोल्यो र ? तथापि जबदेखि शङ्करले निबन्ध लेख्न छोड्यो, जबदेखि कृष्णले घाम झैँ स्वर्ण पदक गुजाराको निम्ति गाल्नुपर्‍यो, म अलि विचलित भएको छु। मान्छेहरूको भीडमा पनि एक्लो अनुभव गर्न थालेको छु। घामको किरण मसम्म नआइपुगेको भए, म अँध्यारो गुफामा उहिलै निर्लिप्त हुने थिएँ। निलिने थिएँ।

चिन्तन

# के पढ्ने ? किन पढ्ने ?

शंकर भण्डारी

'एकपटक तिमीले पढ्न सिक्यौ भने जीवनभर तिमी स्वतन्त्र हुनेछौँ।'
– फ्रेडरिक डोग्लास

पढ्नु अर्थात् अध्ययन गर्नु, जसले पाठकलाई केवल आफ्ना कमजोरीको परिचय गराउँदैन। सँगसँगै त्यसलाई समाधान गर्दै अझ बढी फराकिलो हुन मद्दत गर्छ। एउटा राम्रो पुस्तकले मान्छेलाई आफ्ना सीमितताबाट माथि उठ्न सहयोग गर्दछ। त्यसैले भनिन्छ, पुस्तक जत्तिको ईमान्दार मित्र अरु कोही हुँदैन। तर, हाम्रो परिवेशमा पुस्तक पढ्ने संस्कृति अझैँ मौलाई सकेको छैन। त्यसो त हिजो आज सान वा सौकतका हिसाबले घरघरमा पुस्तकका ठूला ठूला सोकेसहरू राख्ने प्रचलन बढेको देखिन्छ। के व्यापारी ? के उद्योगी ? के राजनीतिज्ञ ? सबैका घरमा मोटा मोटा पुस्तकहरूका चाङ देखिन्छ्। तर, वास्तवमै पुस्तकका पानाहरूसँग सम्बाद गर्ने, अक्षरहरूसँग विमर्श गर्ने साह्रै कम छन्।

एक अध्ययनले देखाए अनुसार वर्षमा ७० वटा पुस्तक पढ्नेहरू मात्र असल पाठक हुन्। हाम्रो सन्दर्भमा भने कम्तिमा २० वटा पुस्तक पढ्ने भेट्नु पनि चामलमा बियाँ खोजे सरह छ। अझ त्यसमा पनि गहिरो अध्ययन गर्ने पाठकहरू साह्रै कम छन्। पुस्तकको कभर हेरेकै भरमा वा सुनेकै भरमा ठूला ठूला कुरा गर्ने, अझ बहसमै उत्रन समेत हिम्मत गर्नेहरूको संख्या भने बाक्लो छ। अहिलेको बढ्दो यान्त्रिकीकरणसँगै मान्छेका मन भुलाउने ठाउँहरू बग्रेल्ती छन्। यहि यान्त्रिकीकरणको बजारमा पुस्तक पढ्ने संस्कृति ओझेलमा परेको हो। त्यसमाथि पनि हरेक कुरालाई मौद्रिकीकरण गर्ने उपभोक्तावादी चिन्तनले पठनको महत्वलाई ओरालो खेदेको छ। पुस्तक पढेर के हुन्छ ? भन्ने सौँच व्याप्त छ। पुस्तक पढ्नुलाई नितान्त अनुत्पादक ठान्ने चिन्तनले हाम्रो पठन सँस्कृति विकास हुन सकिरहेको छैन। जबसम्म हामी अध्ययनको उद्देश्यमाथि प्रष्ट हुन सक्दैनौ हाम्रो पठनको भोक जाग्दैन।

पाठकहरू आफ्नो रुची अनुसारको पुस्तक खोज्ने गर्दछन्। तर, कतिपय पुस्तकले निराशा, कुण्ठा एवं पलायनतर्फ धकेल्छन्। त्यसैगरी उपयुक्त पुस्तकको छनौट गर्न नसक्दा किताबी संख्या बढे पनि यथार्थमा अध्ययनको सँस्कृति फष्टाएको मान्न सकिँदैन। विज्ञापन र सस्तो प्रचारबाजीले एकातिर राम्रा पुस्तकहरू छायाँमा परेका छन् भने अर्कोतर्फ कमसल पुस्तकहरू पढ्न पाठक बाध्य छ जसले समय र पैसा दुवैको नोक्सानी सिवाय अरु केही उपलब्धि दिँदैन। एउटा राम्रो पुस्तकको अध्ययन उक्त पुस्तकको अन्तिम पृष्ठपछि सकिने गर्दैन। बरु त्यसपछि पाठकलाई थप खोज अनुसन्धान, चिन्तन र सृजनाको निम्ति उत्प्रेरित गर्दछ।

अध्ययन गर्नु खासमा आफ्नो चेतनाको क्षितिज फराकिलो पार्नु हो। जुन पुस्तकको अध्ययनबाट कुनै ज्ञान, तथ्य, अनुभव वा जानकारी केहीपनि प्राप्त हुँदैन, केवल सस्तो मनोरञ्जन मात्र दिने गर्दछन् ती पुस्तकहरूखासमा नाममात्रका पुस्तक हुन्। फ्रान्सिस् बेकनले भनेका छन्, केही पुस्तकहरू चाख्नका लागि हुन्छन्, केही चपाउनका लागि र केही पचाउनका लागि। अर्थात्, राम्रा पुस्तकहरू पचाउने हिसाबले पढिनु पर्दछ। पचाउनुको अर्थ पुस्तकमा टंकण गरिएका शब्दहरूका शाब्दिक अर्थ मात्र बुझ्नु नभएर त्यसमा व्यक्त विचारहरूमाथि अप्रेशन गर्न सक्नुपनि हो। हरफहरूको बीचमा लुकेका अर्थहरूलाई सतहमा ल्याउन सक्नु खासमा साँचो अध्ययन हो। त्यसको निम्ति पाठकमा धैर्य एवं आलोचनात्मक चिन्तन हुनुपर्दछ। कतिपय मान्छेहरू भन्ने गर्दछन् धेरै पढ्नेहरू पागल हुने गर्दछन्। खासमा कम पढेर धेरै बोल्नेहरू पागल हुन्छन्। अध्ययनलाई व्यवस्थापन गर्न नजान्दा कतिपय धेरै पढ्छु भन्नेहरू पनि कुहिरोको काग बनिरहेका प्रसस्त उद्धाहरणहरू छन्। अध्ययनको व्यवस्थापनभित्र पुस्तकको छनौट देखि अध्ययनको उद्देश्य र अध्ययन पछिको विश्लेषण पनि पर्दछ।

कोरा पठनले मात्र अध्ययनको दायरा फराकिलो हुँदैन। पुस्तकको छनौट गर्दा आफ्नो रुचीलाई त अवश्य ख्याल गर्नुपर्दछ तर त्यो रुचीको निर्माण कसरी हुन्छ भन्ने पनि बुझ्न जरुरी छ। जीवनका अन्य क्षेत्रमा जस्तै अध्ययनमा पनि आफ्ना रुचीहरू जन्मजात लिएर कोहि पनि आएको हुँदैन। व्यक्तिको परिवेश, साथी सँगत र उत्प्रेरणाहरूले रुचीको निर्माण हुने गर्दछ। उदाहरणका लागि कुनै समय कार्ल मार्क्स केवल दर्शन र राजनितिक पुस्तकमा बढी घोत्लिने गर्दथे। उनका रचनाहरू पनि त्यसैमा केन्द्रित थिए। तर, फ्रेडरिक एंगेल्सको साथ सहयोग र सुझावले उनी अर्थशास्त्रको अध्ययनमा लागे। फलतः 'पुँजी' जस्तो महत्वपूर्ण कृति जन्मियो।

आफ्ना रुची अनुसारका पुस्तक छनौट गरिरहँदा एउटा पाठकले सरलदेखि जटिल खालका पुस्तकहरू छान्नु पर्दछ। जस्तै, दार्शनिक पुस्तक पढ्न मनपराउने पाठकले सुरुमा दर्शनका प्रारम्भिक ज्ञान दिने पुस्तकहरू पढ्नु उपयुक्त हुन्छ। सुरुमै नित्से, मार्क्स वा फुकोका किताबहरू पढ्न खोज्दा रनभुल्लमा पर्न सकिन्छ। केही हरफहरू वा उद्गारहरू त कण्ठस्थ गर्न सकिएला तर साँचो अर्थमा दर्शन बुझ्न सकिँदैन।

रुचीबारे चर्चा गरिरहँदा अर्को एउटा विषयमा पनि ध्यान दिन जरुरी छ। कुनै पनि एउटा विषय बाँकी अरु सबै विषयहरूसँग नितान्त असम्बन्धित हुँदैन। जस्तै साहित्यमा रुची राख्ने पाठकले केवल साहित्यको मात्रै पुस्तक पढ्नुपर्दछ भन्ने हुँदैन। अथवा, यसो भनौँ, केवल साहित्यका पुस्तक मात्रै पढेर उसले साहित्य बुझेको छ भन्ने हुँदैन। यदि कसैले मध्य युगीन अंग्रेजी साहित्य पढिरहेको छ भने उसले कम्तिमा त्यो समयको इतिहास बुझेको हुनुपर्दछ। अन्यथा उक्त पाठकले पुस्तकको शब्दार्थ मात्र बुझिराखेको हुन्छ। वास्तविक अर्थ बुझेको हुँदैन।

तर, विडम्बना हाम्रो पठन लगाम बाँधेको घोडा जस्तो छ। एउटा कविले कविताका संग्रहभन्दा बढी केही पनि पढीराखेको हुँदैन। एउटा आख्यानकारले आख्यानभन्दा अरु पुस्तकहरू छुँदैन। यस सम्बन्धमा चर्चित भौतिकशास्त्री फेम्यान र लेखक सलमान रुस्दीको एउटै मत छ। उनीहरू दुबैले अध्ययनमा मल्टिडिस्पिलिनरी अप्रोचलाई जोड दिन्छन्। त्यस्तै अध्येता मोति निसानी पनि विभिन्न फरक फरक विषयहरू एकआपसमा अन्तरसम्बन्धित हुने स्वीकार गर्दछन्।

भारतकी चर्चित लेखक अरून्धति रोयले ६/६वटा गैरआख्यानका पुस्तक लेखिसकेपछि एउटा उच्च कोटीको आख्यान लेख्न सक्छिन् भने जीवनभर आख्यान लेखिरहेका र आख्यान नै पढिरहेका हाम्रा लेखकहरूबाट किन एउटा पनि गतिलो आख्यान लेखिँदैन ? कारण त्यही छ हाम्रा लेखकहरू गतिला पाठक हुन सकेनन्। उनीहरू विषयको साँघुरो घेराबाट बहिर आउनै सकेनन्। उनीहरूले जीवनभर केवल आख्यान नै पढिरहे त्यो पनि आफूजस्तै लेखकहरूको चुरो कुरा यहि हो। युरोपको इतिहास राम्रोसँग नबुझेको एउटा पाठकले जतिसुकै रुची भए पनि अंग्रेजी उपन्यास पढेर बुझ्न सक्दैन। यो त भयो रुचीको कुरा।

अर्को महत्वपूर्ण कुरा अध्ययनको उद्देश्यमा स्पष्ट हुनु। जसरी एउटा लेखकको लेख्नुका आफ्नै उद्देश्यहरू हुन्छन् त्यसरी नै पाठकको पनि अध्ययनका उद्देश्यहरू स्पष्ट हुनु पर्दछ। उद्देश्यहरू जस्ता पनि हुन सक्दछन्। कसैले केवल मनोरञ्जनकै निम्ति मात्र पढीरहेको हुनसक्छ। उसले जोक्स वा चुट्किलाका पुस्तकहरू पढे पुग्छ। कसैले समय कटाउनकै निम्ति पनि पढिरहेका होलान् जसरी धेरै मान्छेहरू कमिक्स् वा जासुसी पुस्तकहरू पढेर पनि दिन काटिरहेका हुन्छन्। तर, जसले अध्ययनलाई ज्ञान आर्जन सँगसँगै सामाजिक रुपान्तरणको ढंगले बुझेको हुन्छ उसले गम्भिर अध्ययन गर्न जरुरी छ।

आफ्नो अध्ययनले आफु बाँचेको युगलाई सेवा गर्ने उद्देश्यले पढ्नेहरू अन्य पाठकहरूभन्दा बढी सम्वेदनशील र आलोचनात्मक हुन जरुरी छ। आफ्नो अध्ययनबाट प्राप्त ज्ञानको भरमा आफु बाँचेको समाज देश र सम्पूर्ण विश्वलाई आलोकित पार्ने ध्येयले पढ्ने पाठकहरू विषयमा स्पष्ट र लक्ष्यमा प्रष्ट हुन जरुरी छ। उनीहरूले आफू पूर्णतया स्पष्ट भएका विषहरूलाई समाजमा हस्तान्तरण गर्नु जरुरी हुन्छ।

कहिलेकाहिँ भन्ने गरिन्छ, दिमागको ज्ञान काम लाग्दैन। त्यसको शाब्दिक अर्थ जसरी बुझेपनि सारमा एउटा पढेको वा अझ भनौँ बुझेको मान्छेले पुस्तकको ज्ञानलाई सन्दुकमा धन लुकाए जसरी दिमागमा लुकाएर मात्र राख्छ र व्यवहारिक प्रयोगमा ल्याउँदैन भने उसले अध्ययनको खास उद्देश्य बुझेको ठर्हदैन। त्यसैले अध्ययनलाई अलिक व्यापक अर्थमा बुझौँ, पुस्तकलाई केवल बसिबियाँलो नबनाउँ। सहि पुस्तकहरू छनौट गरौँ। छामेकै भरमा वा सुँघेकै भरमा धेरै पुस्तक पढेको दम्भ नगरौँ। पढेर अरुका कमजोरीहरूमाथि ऐना देखाउने काम मात्र नगरौँ।

आफ्नै कमजोरीहरूको पनि उत्खनन् गरौँ। पुस्तकहरू सोकेसमा सजाउने जिनिस होईनन् न झुठो सान र अभिमानका श्रीपेच हुन्। पुस्तकहरू पढिनका लागि लेखिएका हुन्। विषयहरू बुझिनका लागि छापिएका हुन्। ज्ञानहरू रुपान्तरणका बत्ती हुन्।

---

### १५ वर्षभित्र...

बजारमा अर्गानिक मलका नाममा पूरा मात्रामा पोषकतत्व नभएका मल बिक्री भइरहेको जनाउँदै अग्रवालले यसलाई रोक्न तीनै तहका सरकारले ध्यान दिनुपर्ने बताइन्।

नेपालमा वार्षिक ५ लाख ३० हजार मेट्रिक टन रासायनिक मलको माग छ। रासायनिक मल खरीदमा मात्रै मुलुकको झण्डै ४० अर्ब रुपैयाँ खर्च हुने गरेको छ। यो उदाहरण दिँदै अग्रवालले भनिन्- 'सरकारले अर्गानिक मललाई प्रवर्धन गर्ने नीति, योजना र कानुन बनाउने हो भने रासायनिक मल आयातमा वर्षेनि विदेशिने अर्बौं रुपैयाँ जोगाउन सकिन्छ। यसबाट व्यापार घाटा सन्तुलनमा ल्याउन योगदान मिल्छ। अनि मल अभावको सधैंको सास्ती अन्त्य भई किसानले सहज रूपमा चाहे जति मल आफ्नै देशमा पाउन सक्छन्।'

सरकारले नीतिगत प्रोत्साहन गर्ने हो भने उद्योगले दुई वर्षभित्र विदेशबाट हुने रासायनिक डीएपी मलको आयात पूर्णरूपमा रोक्न सक्ने पुनम बताउँछिन्। उद्योगले क्षमता विस्तार गरी दैनिक ५०० मेट्रिक टन मल उत्पादन गर्न सक्ने उनले बताइन्।

उद्योगको अहिलेको क्षमताको एक चौथाई ात्रै उत्पादन गर्दा वार्षिक ५० करोडको आयात विस्थापित गरेको र थप क्षमता विस्तार गर्दा एक वर्षमा १५ अर्ब रुपैयाँ बराबरको रासायनिक मल आयातलाई रोक्न सकिने उनी बताउँछिन्।

### लुम्बिनीमा...

'छिमेकी मुलुक भारतका आईटी कामदारहरूलाई लुम्बिनी प्रदेशका पहाडी जिल्लामा बसेर काम गर्ने वातावरण बनाउन सकिन्छ,' उनले भने-'भरपर्दो विद्युत् र इन्टरनेट अनि बस्ने होटल राम्रो भए धेरै पर्यटक आउन सक्छन्।'

लुम्बिनी प्रदेशको प्रमुख गन्तव्य बुद्धजन्मस्थल लुम्बिनी भएको यसको प्रवर्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रचार बढाउनुपर्ने उनले बताए। उनले सडक मात्रै आर्थिक विकास नभएकाले आध्यात्मिक र धार्मिक पर्यटनको विकासमा सरकारको बजेट विनियोजन हुनुपर्नेमा जोड दिए। लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुवर्णलाल बज्राचार्यले लुम्बिनीमा शैक्षिक पर्यटक भित्र्याउनका लागि विश्वविद्यालयले प्रवर्द्धनात्मक कार्यक्रम बनाइरहेको बताए। त्रिपिटक पार्क निर्माण, देवदह शिक्षा विकास परियोजना जस्तै परियोजनाबाट प्राज्ञिकका साथै पर्यटन विकासमा टेवा पुग्ने उनले बताए।

उपकुलपति बज्राचार्यले प्रदेश सरकार र विश्वविद्यालयबीच समन्वय आवश्यक रहेको भन्दै सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रम गर्नुपर्नेमा जोड दिए।

लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले समग्र लुम्बिनीको पर्यटन विकासका लागि प्रदेश सरकारले प्राधिकरण स्थापना गर्ने नीति लिएको बताए।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा. तिलकराम आचार्यले विश्वविद्यालयका अनुसन्धानहरु सरकारका नीति योजनामा पर्नेगरी अनुसन्धानमूलक कार्य गर्न आवश्यक रहेको औंल्याए।

दुई दिनसम्म चल्ने सम्मेलनमा बौद्ध दर्शन, आर्थिक विकास तथा पर्यटनसँग सम्बन्धित रहेर सात वटा कार्यपत्र प्रस्तुत हुनेछन्। सम्मेलन सोमबार सम्पन्न हुनेछ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# पाल्पा जिल्लालाई पूर्णखोप सुनिश्चितता घोषणा



**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पा जिल्लालाई पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा गरिएको छ। लुम्बिनी प्रदेश खोप समन्वय समितिले पाल्पा जिल्लालाई एक कार्यक्रमबिच पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा गरेको हो। लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारु, प्रदेश सरकार खोप प्रशासनका नेत्रप्रसाद अर्याल, जिल्ला खोप समन्वय समिति पाल्पाका संयोजक टंकनाथ खनाल, सह- संयोजक काशिका ज्ञवाली गैरे, सदस्य सचिव टुकप्रसाद पोखरेलले पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा प्रमाणपत्र प्रदान गरे।

घोषणा कार्यक्रममा प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले स्वास्थ्य नै जीवन हो भन्ने अभियानलाई सफल बनाउन मानिसको खानपान, रहनसहनलाई परिमार्जित गर्दै नियमित योगअभ्यासको जरुरी रहेको बताए। लुम्बिनी प्रदेशमा गुणस्तरीय स्वास्थ्यको लागि, आवश्यक पूर्वाधार, दक्षजनशक्ति, उपकरणको व्यवस्थापनको लागि आगामी बजेटमा ध्यान दिइने मन्त्री सारुले बताए।

पाल्पा जिल्ला २०७० साल फागुन १३ गते नेपालमै पहिलो पूर्णखोपयुक्त जिल्ला घोषणा भएको थियो। सोही समयदेखि पाल्पाले निरन्तरत रुपमा पूर्णखोप सुनिश्चितता घोषणा गर्दै आएको छ। लुम्बिनी प्रदेश सरकारले ४ पटक गरेको मूल्याङ्कनमा २ पटक पाल्पा जिल्ला प्रथम भई स्वास्थ्यका इन्डिकेटरमा बलियो प्रमाणित गरेको स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले बताए।

खोप कार्यक्रमबाट १५ महिनासम्मका २९७३ जना बालबालिका, १६ महिनादेखि ५९ महिनासम्मका १० हजार ५ सय ५३ जना बालबालिकाले पूर्णखोप पाएका छन्। पाल्पाका ८१ वटा वडा हुँदै १० पालिकामा पूर्णखोप सुनिश्चितता घोषणा भएपछि जिल्लालाई पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गरिएको हो।

पाल्पामा २ वटा अस्पताल, २ वटा प्राथमिक स्वास्थ्य केन्द्र र ६२ वटा स्वास्थ्य चौकी रहेका छन् भने पालिकास्तरमा दुई दर्जन सामुदायिक स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेका छन्। सरकारले विभिन्न १३ प्रकारका सरुवा रोगहरु नियन्त्रण गर्न निःशुल्क रुपमा खोज खोप कार्यक्रम सञ्चालन गर्दै आएको छ।

घोषणा कार्यक्रममा माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, तानसेन नगरपालिकाका प्रवक्ता यादवसिंह कार्की, नेपाली कांग्रेसका जिल्ला सभापती हिमालदत्त श्रेष्ठलगायतले पूर्णखोप सुनिश्चितता दिगोपना घोषणासँगै जनस्तरसम्म स्वास्थ्य जनचेतनाका कार्यक्रमहरु निरन्तर आवश्यक रहेकोले सोहीअनुसारको नीति कार्यक्रम तथा बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका थिए। जिल्लाखोप समन्वय समितिका प्रमुख टंकनाथ खनालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका क्षयकुष्ट रोग फोकल पर्सन विश्वनाथ न्यौपानेको स्वागतमा कार्यक्रम चलेको थियो।

# तीनदिने एचआइभी परीक्षण तालिम सम्पन्न




बुटवल। बुटवलमा तीन दिनसम्म सञ्चालन भएको एचआइभी परीक्षण तालिम सम्पन्न भएको छ।

आप्रवासी तथा उनीहरूको दम्पतिका लागि सञ्चालित एचआइभी रोकथाम कार्यक्रमअन्तर्गत आउटरिज वर्कर र कम्युनिटी वर्करका लागि तीन दिने समुदायको नेतृत्वमा एचआइभी परीक्षण तालिम बुटवलमा भएको थियो।

नागार्जुन डेभलपमेन्ट कम्युनिटी एनडिसिको आयोजना लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रदेश जनस्वास्थ्य प्रयोगशालाको समन्वय र जि एफ ए टि एमको सहयोगमा उक्त ३ दिने तालिम आयोजना गरिएको एनडिसीका कार्यकारी निर्देशक जगदीश चन्द्र भट्टले जानकारी दिए।

उनले लुम्बिनी प्रदेशका तराइका छ जिल्लाहरु रुपन्देही, बाँके, बर्दिया, कपिलबस्तु, दाङ र परासीमा कार्यक्षेत्र रहेको बताउँदै उनले तालिममा २२ जना सहभागी रहेको बताए।

प्रवासी कामदार र उनीहरूका दम्पतिका लागि एचआइभी रोकथामको कार्यक्रम लामो समयदेखि गर्दै आएको र आगामी दिनमा लुम्बिनी प्रदेशमा थप कार्यक्रम गरिने उल्लेख गरे।

समापन समारोहमा जि एफ ए टि एमका अनुगमन तथा मुल्यांकन व्यवस्थापपक खेमराज चौधरी, कार्यक्रम संयोजक वीरबहादुर पुन, एनडिसि रुपन्देही कार्यक्रम अधिकृत राधा अधिकारी भट्टराईलगायतले बोलेका थिए।

तीन दिने तालिममा जनस्वास्थ्य प्रयोगशाला लुम्बिनी प्रदेशका ल्याब टेक्निसियनहरु सुमन सापकोटा कल्पना घिमिरे र शिवेन्द्र सिंह चौधरी प्रशिक्षकको भूमिकामा रहेका थिए।

सो अवसरमा छ वटै जिल्लाका कार्यक्रम अधिकृतहरुको सहभागिता रहेको थियो।

# लुम्बिनी केबलकारले दुई वर्षमा भित्रायो साढे तीन लाख पर्यटक



बुटवल। बुटवलको लुम्बिनी केबलकारले दुई वर्षमा साढे तीनलाख पर्यटक भित्राएको छ।

२०८० जेठ १५ देखि व्यवसायिक सञ्चालनमा आएको केबलकारले दुई वर्ष पूरा हुन १५ दिन बांकी (बैशाख मसान्तसम्म) मा ३ लाख ४७ हजार ९७६ पर्यटक भित्राएको कम्पनीले जनाएको छ। केबलकारका म्यानेजर प्रज्ज्वल घिमिरेका अनुसार साढे तीन लाख पर्यटकमध्ये भारतीय पर्यटकको संख्या मात्रै ४१ हजार ६४८ जना र तेस्रो मुलुकका पर्यटकको संख्या २ सय जना छन्।

बुटवल ३ बमघाटमा तल्लो स्टेशन र पाल्पाको तिनाउ गाउँपालिका ३ बसन्तपुरमा केबलकारको माथिल्लो स्टेशन छ।

समुन्द्री सतहबाट करिब एक हजार मिटर उचाईमा रहेको स्वच्छ, शान्त र रमणीय बसन्तपुर डाँडोमा लुम्बिनी केबलकारको माथिल्लो स्टेशनसहित प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर, जीपलाइन, स्काई साइक्लिङ, ज्वायन्ट स्वीङ (आधुनिक पिङ), बाल उद्यान, रेष्टुराँ, सेमिनार हललगायत पर्यटकीय संरचना बनेकाले दुई वर्षमै सुनसान डाँडोलाई केबलकारले आकर्षक पर्यटकीय गन्तव्य बनाएको हो।

बसन्तपुरको प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर र सय वर्षदेखि पूजाआजा हुँदै आएको दुर्गा माताको मन्दिरलाई पुनःनिर्माण गरी नयाँ बनाइएको छ। यी दुई मन्दिर हिन्दु धर्मावलम्बीका लागि विशिष्ट आकर्षण बनेका छन्। केबलकार बनेसँगै सुनसान गाउँमा आन्तरिक र बाह्य पर्यटकको आगमनले चहलपहल बढेको छ। कामाख्या देवीको दर्शनले मनोकामना पूरा हुने र सांसारिक बन्धनबाट मुक्ति पाइने धार्मिक विश्वासले नेपाल र भारतका विभिन्न शहरबाट भक्तजनहरु उल्लेख्य संख्यामा आउने गरेको मन्दिरका मूल पुजारी सुरेश पौडेल बताउँछन्।

माथिल्लो स्टेशनमा जीप लाइन, स्काई साइक्लिङ, बाल उद्यान, रेष्टुराँ, ज्वायन्ट स्वीङ (पिङ) लगायत पूर्वाधार बनेका छन्। बसन्तपुरबाट बुटवल, तिलोत्तमा हुँदै भैरहवासम्मको दृश्य र मौसम सफा हुँदा हिम श्रृंखला समेत देख्न सकिन्छ।

समुद्री सतहबाट करिब एक हजार मिटर उचाइमा रहेको बसन्तपुरमा तराईका ठाउँभन्दा ७ देखि १० डिग्री सेल्सियस कम तापक्रम हुने भएकाले गर्मी मौसममा शीतल र जाडो याममा घाम लागेर न्यानो हुने भएकाले पर्यटकको लागि रोजाइको थलो बनेको भारत सुनौलीका आलोक जोशी बताउँछन्।

धार्मिक र पर्यटकीय पूर्वाधार, जुनसुकै ऋतुमा अनुकुल मौसम, बजारको कोलाहल र प्रदूषणबाट मुक्त स्वच्छ, शान्त वातावरणका कारण बसन्तपुर नेपालीको मात्र नभई भारत उत्तर प्रदेशका पर्यटकको पनि रोजाईको थलो बनेको केबलकारका स्थानीय लगानीकर्ता तेजप्रसाद सुनारले बताए।

अहिले बसन्तपुर सेलिब्रेटी कलाकार, खेलाडी, सबैजसो दलका नेता घुम्न आउनेदेखि म्युजिक भिडियो सुटिङ गर्ने थलो बनेको सुनारले सुनाए। 'रुपन्देही आएका बेला पूर्व राष्ट्रपति, प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, मन्त्री, सांसद, चर्चित कलाकार सबै एकपटक बसन्तपुर आउने गरेका छन्,' सुनारले भने-'सुरु गरेको दुई दशकसम्म केबलकार बनाउन नसक्दा धेरैले खिसिट्युरी गर्थे, अहिले उनीहरु नै स्यावासी दिन्छन्।'

केबलकारले जन्मदिन परेका व्यक्तिलाई उक्त दिन निःशुल्क यात्रा गराउने अफर, हरेक महिनाको एक गते सन्ध्या आरती अफर, ५० जनाभन्दा बढी समूहमा आउनेलाई विशेष छुट अफरसहित विभिन्न व्यवसायिक संघसंस्थाहरुसँग छुट सम्झौता गरेर बजार प्रवर्धन गरिरहेको छ।

तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले लुम्बिनी प्रदेशको पहिलो केबलकारको माथिल्लो स्टेशन बसन्तपुरमा बनेपछि उक्त ठाउँ आकर्षक पर्यटकीय गन्तव्य बनेको बताए। 'दुई वर्ष अघिसम्म सुनसान थलो अहिले तिनाउ गाउँपालिकाको मात्र हैन प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनेको छ,' अध्यक्ष श्रेष्ठले भने-'केबलकारले पाल्पा तिनाउ -३ र बुटवल वडा नं. ३ का बासिन्दालाई टिकटमा ५० प्रतिशत छुट तथा प्रति टिकट दुई पालिकालाई एक-एक प्रतिशत रकम कर वापत दिएको छ, यसले स्थानीय विकासमा पनि राम्रै योगदान भएको छ।'

केबलकारले दुई वटा स्थानीय तहलाई बैशाख मसान्तसम्म २१ लाख २४ हजारका दरले कूल ४३ लाख ४८ हजार आम्दानी दिएको केबलकारका अपरेसन म्यानेजर डिएन कायस्थ सैंजूले बताए। यसवाहेक तिनाउ गाउँपालिकालाई मनोरन्जन कर समेत दिने गरेको छ।

अष्ट्रियाको विश्व विख्यात डुपलमायर कम्पनीबाट बनेको लुम्बिनी केबलकार २ किलोमिटर ६ सय मिटर लामो रहेको छ। २५ वटा गोन्डला रहेको केबलकारले दैनिक ६ हजार पर्यटक आवतजावत गराउन सक्छ।

विश्वका विभिन्न देशमा सय वर्षदेखि १५ हजार बढी संख्यामा सञ्चालनमा रहेको यो केबलकारको प्रविधि विश्वमै अत्याधुनिक र सुरक्षित रहेको अपरेसन म्यानेजरसैंजू बताउँछन्।

केबलकार सञ्चालनमा आएपछि प्रदेश सरकारको पर्यटन विकास परिषद्ले बसन्तपुरलाई प्रमुख पर्यटकीय थलको सूचीमा सूचीकृत गरेको परिषद्का प्रमुख रामु जोशीले बताए।

केबलकार र पाँचतारे होटेलसहित कुल लागत ५ अर्ब रुपैयाँ लागतको आयोजनाअन्तर्गत दुई वर्षभित्र साढे तीन अर्ब लगानीमा बसन्तपुरमा एकसय ५० कोठा, एक हजार जना क्षमताको बैंक्वेट हल, क्यासिनोसहित पाँचतारे होटेल बनाउने प्रकृया अघि बढेको छ। केबलकार कम्पनीले बसन्तपुरमा होमस्टे सञ्चालन गर्न गाउँलेलाई आग्रह गरेको छ। उत्पादन भएका सबैखाले कृषि उपज खरिद गरिदिने तथा रोजगारीका लागि योग्य जनशक्ति भए रोजगारी दिने ग्यारेन्टी गरेको केबलकारका प्रबन्धक प्रज्ज्वल घिमिरेले बताए।

रुपन्देही ब्यापार संघका अध्यक्ष दीपक अधिकारीले लुम्बिनी केबलकार सञ्चालनले बुटवलले प्रदेशको स्थायी राजधानी गुमाउँदा लागेको घाउमा केही हदसम्म मल्हमपट्टि लगाउन सकेको टिप्पणी गर्दै यसले समग्र बुटवलको अर्थतन्त्र चलायमान बनाउन सघाएको बताए।

उनले बसन्तपुरमा सबै वर्गका पर्यटकलाई मध्यनजर गरी होटेल छिटो बनाउनुपर्ने सुझाए। 'क्यासिनो, बैंक्वेट हल, स्वीमिङ पूल सहितको होटेल सञ्चालनमा आउंदा भारतीय र आन्तरिक पर्यटक आगमन बढ्छ,त्यसलाई छिटो अघि बढाउनुपर्छ।'-अधिकारीले भने।

केबलकारलाई दीगोरुपमा सञ्चालन गरी बुटवलको अर्थतन्त्र चलायमान बनाउनुपर्छ भन्ने मान्यताले आफूहरुले केबलकारसंग टिकटमा छुट सहितको सम्झौता नै गरेको अधिकारीले बताए।

केबलकारका परिकल्पनाकार लक्ष्मण गौतमले २९ वर्षअघि परिकल्पना गरेर धेरै दुःख, हण्डर खाँदै बीचमा धेरैले विश्वास गर्न छाडेको अवस्थामा केबलकार सञ्चालनको सपना पूरा भएपछि बसन्तपुर र बुटवल दुबैलाई गुल्जार बनाएकोमा खुशी व्यक्त गरे। 'निजी क्षेत्रबाट ठूलो लगानी भएको यस्ता परियोजनालाई दीगोरुपमा चलाउन सरकारी निकायबाट साथ र सहयोग हुनुपर्छ, पर्यटकमैत्री नीति नियम बनाउनुपर्छ।'-उनले भने।

बुटवलमै स्थानीय लगानीकर्ता रहेको सिद्धार्थ केबलकार पनि सचालनमा आएको छ। तर औपचारिक उद्घाटन भएको छैन।

# महाकवि देवकोटा क्याम्पसमा प्रथम राष्ट्रिय सम्मेलन

नवलपरासी। पश्चिम नवलपरासीको सुनवलमा रहेको महाकवि देवकोटा क्याम्पसले शुक्रशार एक दिवसीय प्रथम राष्ट्रिय सम्मेलन आयोजना गरेको छ। "औद्योगिकीकरण, पर्यटन र स्थानीय समृद्धिका लागि अनुसन्धान" भन्ने मूल नारासहित सम्मेलन सुनवलमा सम्पन्न भएको हो।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य ध्रुबहादुर प्रधानले प्रथम राष्ट्रिय सम्मेलनमा बोल्दै भविश्यका युवापीडिलाई समय अनुकुलको गुणस्तरीय शिक्षाको आवश्यक्ता रहेकोले पश्चिम नवलपरासीको सुनवल क्षेत्रलाई शिक्षाको हवको रुपमा विकास गर्न आवश्यक रहेको बताए। प्रतिनिधिसभा सदस्य प्रधानले गुणस्तरीय शिक्षा र स्वास्थ्य अहिलेको प्रमुख विषय भएको हुँदा त्यसको विकास र विस्तारका लागि सबै एक भएर लाग्नुको विकल्प नभएकोमा जोड दिए। पूर्व कानुन मन्त्री समेत रहेका प्रधानले आफूले यस क्षेत्रमा मानव अंग प्रत्यारोपण केन्द्र र सुविधा सम्पन्न अस्पतालका लागि सदनमा आवाज उठाउँदै आएको बताए।

क्याम्पसका अध्यक्ष कृष्ण लामिछानेको अध्यक्षतामा भएको सम्मेलनमा लुम्बिनी प्रदेशसभा सदस्य खड्क बस्नेतले आवश्यक्ता र दिघकालिन सौंचका आधारमा विकासका योजना निर्माण हुन नसकेका कारण समस्या आउने गरेको हुँदा कुनै पनि योजना निर्माण गर्दा दिर्घकालिन सौंचका आधारमा योजना बनाउनु पर्ने जनाए।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खिलराज पाण्डे, सुनवल नगरपालिकाका नगरप्रमुख विमला अर्याल, सुनवल नगरपालिकाका निवर्तमान नगरप्रमुख भिमबहादुर थापा, देवदह नगरपालिकाका निवर्तमान नगरप्रमुख हिरा केसीलगायत विभिन्न क्याम्पसका अध्यक्ष तथा क्याम्पस प्रमुखहरुले "औद्योगीकीकरण, पर्यटन र स्थानीय समृद्धिका लागि अनुसन्धान" का विषयमा आ-आफ्ना धारण राखेका थिए।

सम्मेलनमा किनोट्स स्पिकरका रूपमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रोफेसर डा. महानन्द चालिसे र विश्वविद्यालय अनुदान आयोगका सहायक निर्देशक नारायणप्रसाद भण्डारी स्पेसल गेस्ट स्पिकरका रूपमा रहेका थिए। त्यस्तै सेसन चेयर्समा डा. सूर्यबहादुर राना, डा. निरञ्जन देवकोटा र डा. सन्तोष ज्ञवाली रहेका थिए।

सम्मेलनमा व्यवस्थापन, सूचना प्रविधि, शिक्षा र सामाजिक विज्ञानका क्षेत्रमा अनुसन्धान र त्यसको स्थानीय विकासमा योगदान विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो। सम्मेलनमा सहभागीहरूले यस्ता सम्मेलनले अनुसन्धानको संस्कृति विकास गर्न र नीतिनिर्माणमा सहयोग पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरका थिए।

क्याम्पस प्रमुख नारायण ढकालको स्वागत रहेको सम्मेलन कार्यक्रममा उपप्राध्यापक विकास रानाले कार्यक्रममाथि प्रकाश पारेका थिए भने उपप्राध्यापक हरिदत्त शर्माले कार्यक्रम सञ्चालन गरेका थिए।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**वन डढेलोजन्य कार्यमा सरिक हुनेका बिरुद्ध गोप्य सुराकी :-**

वन डढेलोजन्य कार्य गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ। यस अपराधमा सरिक हुनेका बिरुद्ध गोप्य सुराक र अनुसन्धान प्रकृयामा सहयोग गरिदिन अनुरोध छ।

दोषी पहिचानमा सहयोग गरौं (९८५७०६३६११, ९८५८३२१०१६)

अनुरोधक
**डिभिजन वन कार्यालय अर्घाखाँची**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com